# सुरक्षा गार्डको सेवा करारमा लिनेसम्बन्धी सिलबन्दी प्रस्ताव आव्हान

सूचना नं.: UGC/NC/SQ-02/079/80

प्रथम पटक सूचना प्रकाशित मिति : २०७९/०५/२४ गते

१. विश्वविद्यालय अनुदान आयोगलाई आर्थिक वर्ष २०७९/८० को लागि देहाय बमोजिमको सेवा आवश्यक भई सेवा करारमा लिनुपर्ने भएकोले सो कार्यको लागि इजाजत प्राप्त योग्य तथा इच्छुक फर्म, संस्था वा कम्पनीहरूबाट रीतपूर्वकको सिलबन्दी प्रस्ताव आव्हान गरिएको छ।
**सुरक्षा गार्ड संख्याः** १ जना कमाण्डरसहित जम्मा ४ जना (१ जना महिला अनिवार्य)
**आवश्यक सेवा अवधिः** शुरूमा एक आ.ब. (आ.ब. २०७९/८० अवधि) को लागि र सेवा सन्तोषजनक रहेमा थप एक आ.ब. को लागि अवधि थप गर्न सकिनेछ।

२. सिलबन्दी प्रस्ताव फाराम तथा यससम्बन्धी थप जानकारी **विश्वविद्यालय अनुदान आयोग, सानोठिमी भक्तपुर, फोन नं.** ६६३८५४९, ६६३८५५० बाट प्राप्त गर्न सक्नेछ।

३. प्रस्तावसम्बन्धी कागजात २०७९/०५/२४ देखि कार्यालय खुलेको दिन कार्यालय समयभित्र चालु आ.ब.को लागि नवीकरण भएको ईजाजतपत्र, आयकरको स्थायी लेखा प्रमाणपत्र, आ.ब. २०७७/०७८ को करचुक्ता प्रमाण-पत्र, मु.अ.कर दर्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपी संलग्न राखि निवेदन दिई रू. १०००।- दस्तुर बुझाई (फिर्ता नहुने गरी) खरिद गर्न सकिनेछ। प्रस्तावसम्बन्धी कागजात २०७९/०६/०७ गते कार्यालय समयसम्म बिक्रीका लागि उपलब्ध हुनेछ।

४. खरिद भएको सिलबन्दी प्रस्ताव २०७९/०६/०८ गते दिनको १२:०० बजेभित्र यस कार्यालयको नाममा सम्बोधन गरी कामको विवरण, प्रस्तावदाताको नाम र ठेगाना स्पष्ट खुलाई फर्मको छाप लगाई सिलबन्दी लाहाछाप गरी यस कार्यालयमा दर्ता गराउनु पर्नेछ।

५. सिलबन्दी प्रस्तावको मान्य अवधि प्रस्ताव खोलिने दिनबाट ४५ दिनको हुनु पर्नेछ र सिलबन्दी प्रस्ताव साथ कम्तिमा रू. ३०,०००/- बराबरको जमानत वापत नगद जमानी वा सो रकम बराबर सिलबन्दी प्रस्ताव खोलिने मितिबाट कम्तिमा ७५ दिन (२०७९/०८/२३ **सम्म**) म्याद भएको नेपालको कुनै बाणिज्य बैंक वा नेपाल सरकारबाट मान्यता प्राप्त वित्तीय संस्थाबाट यस कार्यालयको पक्षमा जारी भएको बैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ।

६. यदि प्रस्तावदाताले नगद जमानी राख्न चाहेमा सो नगद यस कार्यालयको **रा.वा.बैं. शाखा का[illegible]य, सानोठिमी, भक्तपुरमा रहेको खाता नं.** १७३०१०००००२१४००१ मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर सिलबन्दी प्रस्ताव साथ पेश गर्नुपर्नेछ।

७. दर्ता भएका सिलबन्दी प्रस्ताव २०७९/०६/०८ गते दिउँसो १:०० बजे सिलबन्दी प्रस्तावदाता वा निजका प्रतिनिधिहरू र कार्यालय प्रतिनिधिहरूको रोहवरमा यस कार्यालयमा खोलिनेछ। सिलबन्दी प्रस्तावदाता वा निजका प्रतिनिधि उपस्थित नभए पनि प्रस्ताव खोल्न कुनै बाधा पर्ने छैन।

८. सिलबन्दी प्रस्ताव खरिद गर्ने, दाखिला गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरू विदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

९. सिलबन्दी प्रस्ताव स्वीकृत भएपछि ठेक्का सम्झौता गर्दा कूल ठेक्का अंकको ५ प्रतिशतले हुने रकम बराबरको नगद जमानी वा घटीमा १२ महिना म्याद भएको नेपालको कुनै बाणिज्य बैंक वा नेपाल सरकारबाट मान्यता प्राप्त वित्तीय संस्थाबाट यस कार्यालयको पक्षमा जारी भएको बैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ वा यस कार्यालयको पक्षमा जारी भएको कार्य सम्पादन जमानीपत्र (परफरमेन्स वण्ड) पेश गर्नु पर्नेछ।

११. सिलबन्दी प्रस्ताव पुरै वा आंशिक, स्वीकार्ने वा बदर गर्ने सम्पूर्ण अधिकार विश्वविद्यालय अनुदान आयोगमा निहित रहनेछ।

१२. एक फर्मको नाममा खरिद गरिएको सिलबन्दी प्रस्ताव फारम अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइने छैन।